# अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धीको सन्दर्भमा प्रचलित नेपाल कानुनको वर्तमान अवस्था सम्बन्धी

# अध्ययन प्रतिवेदन, २०६८

डा. अधिवक्ता चन्द्रकान्त ज्ञवाली
२०६८ कार्तिक

# खण्ड एक
# परिचय

## १. परिचय

## अपाङ्गताको नयाँ परिभाषा र वर्गीकरण

शारीरिक अंगहरु र शारीरिक प्रणालीमा भएको समस्या एवं कठिनाईका प्रकृति अनुसार अपाङ्गतालाई निम्न बमोजिम सात प्रकारमा वर्गीकरण गरिएको छ जस्तै: **१.शारिरीक अपङ्गता** (बाल पक्षाघात (पोलियो) मष्तिस्क पक्षाघात (Cerebral Palsy) शारीरिक अंग विहिन, कुष्ठ प्रभावित, मांसपेशी विचलन (Musculer Distrophy), जोर्नी र मेरुदण्डसम्बन्धी समस्या, क्लब फिट (पैताला फर्केको), रिकेट्स, हड्डीसम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता इत्यादि शारीरिक अपाङ्गता हो । होचा पुड्काहरु पनि यस वर्गीकरणमा पर्दछन् । २. **दृष्टि सम्बन्धी अपाङ्गता** (दृष्टि विहिनता र न्यूनदृष्टियुक्त) **३. सुनाई सम्बन्धी अपाङ्गता** (बहिरा र सुस्त श्रवण) ४. **श्रवण दृष्टिविहिन (Deaf-Blind)** : श्रवण र दृष्टिविहिनता दुवै भएको व्यक्ति श्रवण दृष्टिविहिन (Deaf-Blind) अपाङ्ग हो । **५. स्वर र बोलाईसम्बन्धी अपाङ्गता ६. मानसिक अपाङ्गता** ( बौद्धिक अपाङ्गता, मानसिक अस्वस्थता (Mental Illness) र अटिज्म (Autism) । ७. **बहुअपाङ्गता :** माथि उल्लेखित मध्ये दुई वा दुई भन्दा बढी प्रकारका अपाङ्गताको समस्या बहु अपाङ्गता हो

**अशक्तताको गंभीरताका आधारमा अपाङ्गतालाई चार प्रकारमा वर्गीकरण गरिएको छ: क) तीव्र अशक्त अपाङ्गता :** दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर अरुको सहयोग लिंदा पनि कठिनाई हुने अवस्था तीव्र अशक्त अपाङ्गता हो ।

**ख) अतिअशक्त अपाङ्गता** :- वैयक्तिक क्रियाकलापहरु सम्पादन तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर अरुको सहयोग लिनु पर्ने स्थिति अति अशक्त अपाङ्गता हो ।

**ग) मध्यम अपाङ्गता** - भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा र तालीम भएमा सहयोगीको सहयोग लिएर वा नलिइकन नियमित दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्था मध्यम अपाङ्गता हो ।

**घ) समान्य अपाङ्गता**- समाजिक तथा वातावरणीय अवरोध नभएमा आफै नियमित दिनचार्य र सामाजिक कियाकलापमा सहभागी हुनसक्ने अवस्था समान्य अपाङ्गता हो ।

सहभागिता, सुविधा, प्रतिनिधित्वका लागि बौद्धिक र अतिअशक्तता भएका अपाङ्गका हकमा आमा बाबु वा प्रत्यक्ष रुपमा पालन पोषणमा संलग्न व्यक्तिलाई अभिभावक वा सरोकारवाला मानिनेछ । )

परिभाषा : विषय वा पसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अपाङ्ग" भन्नाले सामान्य दैनिकचर्या गर्न शारीरिक वा मानसिक तवरले असमर्थ वा असक्षम भएका नेपाली नागरिकलाइ सम्झनपर्छ । सो शब्दले काना, अन्धा, बहिरो, लाटा, लठेबा, लुला, कुजा, लङ्गडो, खोरण्डो, डुडो वा सुस्त मनस्थिति भएको व्यक्तिलाइ समेत जनाउछ ।

(ख) "असहाय अपाङ्ग" भन्नाले जायज्यथा केही नभएको वा स्याहार सुसार गर्न कोही नभएको आफै रोजगार गरी खान नसक्ने अपाङ्ग सम्झनपर्छ ।

(ग) "अपाङ्ग घर" भन्नाले असहाय अपाङ्गहरुलाइ पालन पोषण समेतका लागि व्यवस्था गरिएको घर सम्झनुपर्छ । *("अपाङ्ग सरक्षण तथा कल्याण ऐन, २०३९")*

**टिप्पणी** :"शरीरका अंगहरु र शारीरिक प्रणालीमा भएको समस्याको कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै संचार समेतबाट सिर्जना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्य रुपमा संचालन गर्न एवं सामाजिक जीवनमा सहभागी हुन कठिनाई हुने अवस्था अपाङ्गता हो ।"